नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८२/०८३
च. नं.:- २०३

मितिः २०८३/०१/२८
नेपाल सम्वत् ११४६

## मस्यौदामा राय सुझाव पठाउने सम्बन्धी सूचना

उपर्युक्त विषयमा अर्थ सम्बन्धी प्रचलित केही नेपाल ऐनमा समसामयिक सुधार गर्न **"अर्थ सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक"** को मस्यौदा तर्जुमा गरिएको छ। उक्त मस्यौदा उपर कुनै राय, सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र मन्त्रालयको इमेल ठेगाना **info@mof.gov.np** मा उपलब्ध गराइदिन हुन यो सूचना प्रकाशन गरिएको छ। साथै उक्त विधेयकको मस्यौदा मन्त्रालयको **mof.gov.np** वेबसाइटबाट प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

विद्यायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**अर्थ सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

(क) **कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सो को कारण** : नेपाल सरकार, अर्थ मन्त्रालय (मन्त्रीस्तर) बाट राजस्व प्रशासन सुधार गरी निजी उद्यम व्यवसायको सुरक्षा तथा प्रवर्द्धन गर्ने, ठूला विकास आयोजनाको सहजीकरण र प्रक्रियागत झन्झट हटाउन विद्यमान कानून संशोधनलाई प्राथमिकता दिने निर्णय भएको र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन, २०८१ ले सार्वजनिक कार्यमा उच्च समय र लागतको सिर्जना गरी प्रक्रियागत र संरचनागत जटिलता सिर्जना गरी प्रशासनिक कार्यमा दोहोरोपना ल्याउने कानूनहरुको खारेजी तथा संशोधन गर्न आवश्यक रहेको भनी उल्लेख गरेको।

(ख) **विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव** : नेपालको संविधानको धारा २५ मा व्यवस्था गरेको सम्पत्तिको हकको कार्यान्वयनमा मद्दत पुग्ने साथै व्यावसायिक तथा लगानीको वातावरण सिर्जना भई निजी क्षेत्रको मनोबल वृद्धि मार्फत लगानीमैत्री वातावरणको लागि सकरात्मक प्रभाव पार्ने।

(ग) **विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव** : यस विधेयकबाट नेपाल सरकारलाई थप आर्थिक व्यभार हुने नभई अनावश्यक प्रशासनिक खर्च कटौतीमा सहयोग पुग्ने।

(घ) **विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिँल हुन पुग्ने सहयोग** : दिगो विकास लक्ष्य मध्ये असल रोजगारी र आर्थिक वृद्धि, उद्योग, पूर्वाधार र नवीन सिर्जनाका लागि सघाउ पुऱ्याउने।

(ङ) **विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव** : सार्वजनिक सेवा प्रवाहमा रहेको अनावश्यक प्रक्रियागत जटिलता हट्ने, नागरिक र व्यवसायको आर्थिक स्वतन्त्रता सहज हुने र व्यवसायको लागत घटाई अनावश्यक नियन्त्रणमुखी व्यावसायिक कार्यको अन्त्य हुने।

(च) **विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग** :

(छ) **अन्य आवश्यक विषय** : नेपाल सरकारको शासकीय सुधार सम्बन्धी १०० वटा कार्यसूचीको कार्यान्वयनमा सहयोग पुग्ने।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अर्थ सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** अर्थ सम्बन्धी प्रचलित केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "अर्थ सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छ :-

"(झ१) "ढुवानीको साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने यात्रुबहाक साधन, मालसामान ओसारपोसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनि ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान तथा ट्र्याक्टर सम्झनु पर्छ।"

(२) दफा १६ख. पछि देहायको दफा १६ग. थपिएको छ :-

"१६ग. **वेबमा आधारित अनलाइन ढुवानीको साधन अनुगमन प्रणाली लागू गर्ने :** (१) कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामानको ढुवानी गर्दा सोको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरी ढुवानी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागबाट तोकिएका कागजात ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ।

(३) नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु हालतको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी अनिवार्य रूपमा आफ्नो ढुवानीको साधनमा जडान गरी राख्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै स्थानमा चल्ने साधनमा जिपिएस डिभाइस अनिवार्य रूपमा जडान गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ।

(५) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीको साधनको धनी वा त्यसको प्रयोगकर्तालाई महानिर्देशकले प्रथम पटकको लागि पचास हजार रुपैयाँसम्म र त्यसपछि पटकै पिच्छे एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।"

नेपाल सरकार
अर्थ मन्त्रालय

३. <u>अन्तः शुल्क ऐन, २०५८ मा संशोधन</u> : अन्तः शुल्क ऐन, २०५८ को,-

(१) दफा २ को खण्ड (क१) पछि देहायको खण्ड (क२) थपिएको छ :-

"(क२) "ढुवानीको साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने यात्रुबहाक साधन, मालसामान ओसारपोसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनि ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान तथा ट्रयाक्टर सम्झनु पर्छ।"

(२) दफा १०ग. पछि देहायको दफा १०ग१. थपिएको छ :-

"१०ग१. <u>वेबमा आधारित अनलाइन ढुवानीको साधन अनुगमन प्रणाली लागू गर्ने</u> : (१) कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामानको ढुवानी गर्दा सोको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरी ढुवानी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागबाट तोकिएका कागजात ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ।

(३) नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु हालतको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी अनिवार्य रूपमा आफ्नो ढुवानीको साधनमा जडान गरी राख्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै स्थानमा चल्ने साधनमा जिपिएस डिभाइस अनिवार्य रूपमा जडान गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ।

(५) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीको साधनको धनी वा त्यसको प्रयोगकर्तालाई महानिर्देशकले प्रथम पटकको लागि पचास हजार रुपैयाँसम्म र त्यसपछि पटकै पिच्छे एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।"

४. <u>आयकर ऐन, २०५८ मा संशोधन</u> : आयकर ऐन, २०५८ को,-

(१) दफा २ को खण्ड (प) पछि देहायको खण्ड (प१) थपिएको छ :-

"(प१) "ढुवानीको साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने यात्रुबहाक साधन, मालसामान ओसारपोसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनि ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान तथा ट्रयाक्टर सम्झनु पर्छ।"

नेपाल सरकार
अर्थ मन्त्रालय

(२) दफा ८१क. पछि देहायको दफा ८१ख. थपिएको छ :-

"८१ख. वेबमा आधारित अनलाइन ढुवानीको साधन अनुगमन प्रणाली लागू गर्ने : (१) कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामानको ढुवानी गर्दा सोको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरी ढुवानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागबाट तोकिएका कागजात ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ ।

(३) नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु हालतको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी अनिवार्य रूपमा आफ्नो ढुवानीको साधनमा जडान गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै स्थानमा चल्ने साधनमा जिपिएस डिभाइस अनिवार्य रूपमा जडान गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ ।

(५) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीको साधनको धनी वा त्यसको प्रयोगकर्तालाई महानिर्देशकले प्रथम पटकको लागि पचास हजार रुपैयाँसम्म र त्यसपछि पटकै पिच्छे एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।"

५. भन्सार ऐन, २०८२ मा संशोधन : भन्सार ऐन, २०८२ को,-

(१) दफा ४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) कार्यालयबाट जाँचपास भइसकेको कुनै वस्तु भन्सार क्षेत्रबाट बाहिर लैजानु अघि वा लगिसकेपछि त्यस्तो वस्तुको सम्बन्धमा भएको मूल्याङ्कन, वर्गीकरण, महसुल निर्धारण जस्ता विषयमा कुनै सूचना प्राप्त भएमा वा शङ्का लागेमा सो कुराको जानकारी घोषणाकर्तालाई गराई विभाग वा मातहतको कुनै अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान तथा कारबाही गर्न लगाउने,"

(२) दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कार्यालयबाट जाँचपास भएको कुनै वस्तु घोषणाकर्ताले घोषणा गरे अनुरूपको भए, नभएको वा त्यस्तो वस्तु यस ऐन वा भन्सार महसुल

सम्बन्धी प्रचलित कानून बमोजिम महसुलमा दिएको सुविधा बमोजिम प्रयोग गरे नगरेको सम्बन्धमा यकिन गर्न जाँचपास पछिको परीक्षण गर्ने, भन्सार तथा गैर भन्सार क्षेत्रबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने कार्यको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ।"

(३) दफा १४ को खण्ड (ङ) पछि देहायका खण्डहरु (ङ१), (ङ२) र (ङ३) थपिएका छन् :-

"(ङ१) भन्सार तथा गैर भन्सार क्षेत्रबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने,

(ङ२) एक स्थानबाट अर्को स्थानमा व्यवासयिक प्रयोजनको वस्तु ढुवानी गर्ने साधनको विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली (भि.सि.टि.एस.) मा प्रविष्ट भए नभएको अनुगमन गरी नभएको पाइएमा प्रचलित कानून बमोजिमको जरिवाना गर्ने,

(ङ३) यस उपदफाको प्रयोजनको लागि भन्सार ऐन, २०८२ मा भन्सार अधिकृतलाई भए सरहको अधिकार प्रयोग गर्ने,"

६. <u>खारेजी र बचाउ</u> : (१) देहायका ऐनहरु खारेज गरिएका छन् :-

(क) आय टिकट दस्तुर ऐन, २०१९

(ख) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

(ग) नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४

(घ) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५

(ङ) प्रादेशिक विकास योजनाहरु (कार्यान्वयन गर्ने) ऐन, २०१३

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐनहरु मध्ये राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम राजस्व अनुसन्धान विभागमा दर्ता भएका, सो विभागबाट अनुसन्धान भइरहेका, अनुसन्धान तथा तहकिकात भई मुद्दा दायर गर्न बाँकी रहेका मुद्दाको अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने, दायर भएका मुद्दाको प्रतिरक्षा गर्ने, पुनरावेदन गर्ने लगायतका सम्पूर्ण काम कारबाही देहाय बमोजिम हुनेछ :-

(क) आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र गैर कर सम्बन्धी मुद्दा आन्तरिक राजस्व विभागबाट,

(ख) भन्सार चोरी पैठारी सम्बन्धी मुद्दा भन्सार विभागबाट,

(ग) विदेशी विनिमय अपचलन तथा कर सम्बद्ध कसुर र सोमा हुने सम्पत्ति शुद्धीकरण अनुसन्धानसँग सम्बद्ध कसुरमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट।

(३) उपदफा (२) बमोजिमका मुद्दाको अनुसन्धान, अभियोजन, कारबाही र किनारा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम मुद्दाको अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने, दायर भएका मुद्दाको प्रतिरक्षा गर्ने, पुनरावेदन गर्ने लगायतका सम्पूर्ण काम कारबाही गर्दा आफ्नो क्षेत्राधिकार बाहिरको कसूर देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अर्थ सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र.सं. | साबिक राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा/उपदफा | साबिक राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा रहेको व्यवस्था | मूल्य अभिवृद्धिकर, २०५२ आयकर ऐन, २०५८, अन्तःशुल्क ऐन, २०५८ मा हुनु पर्ने | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (छ२) | "ढुवानीको साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने यात्रुबहाक साधन, मालसामान ओसारपोसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनि ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान तथा ट्र्याक्टर सम्झनु पर्छ।" | "ढुवानीको साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने यात्रुबहाक साधन, मालसामान ओसारपोसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनि ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान तथा ट्र्याक्टर सम्झनु पर्छ।" | साबिकको व्यवस्थालाई कायम गरी ढुवानी गर्ने साधनहरु निक्यौल गर्न उपयुक्त भएको। |
| २ | दफा १३ग. | वेबमा आधारित अनलाइन ढुवानीको साधन अनुगमन प्रणाली लागू गर्ने : (१) कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामानको ढुवानी गर्दा सोको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा | वेबमा आधारित अनलाइन ढुवानीको साधन अनुगमन प्रणाली लागू गर्ने : (१) कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामानको ढुवानी गर्दा सोको विवरण वेबमा आधारित केन्द्रीय सूचना | साबिकको व्यवस्थालाई कायम गरी कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट मात्र सामग्री ढुवानी गरेमा ढुवानी सुरक्षित हुने भएको। |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | प्रविष्ट गरी ढुवानी गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागबाट तोकिएका कागजात ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ।<br>(३) नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु हालतको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी अनिवार्य रूपमा आफ्नो ढुवानीको साधनमा जडान गरी राख्नु पर्नेछ।<br>(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै स्थानमा चल्ने साधनमा जिपिएस डिभाइस अनिवार्य रूपमा जडान गर्नु नपर्ने गरी | प्रणालीमा प्रविष्ट गरी ढुवानी गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागबाट तोकिएका कागजात ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ।<br>(३) नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु हालतको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी अनिवार्य रूपमा आफ्नो ढुवानीको साधनमा जडान गरी राख्नु पर्नेछ।<br>(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै स्थानमा चल्ने साधनमा जिपिएस डिभाइस अनिवार्य रूपमा जडान गर्नु नपर्ने गरी | |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | विभागले तोक्न सक्नेछ।<br>(५) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीको साधनको धनी वा त्यसको प्रयोगकर्तालाई महानिर्देशकले प्रथम पटकको लागि पचास हजार रुपैयाँसम्म र त्यसपछि पटकै पिच्छे एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।" | विभागले तोक्न सक्नेछ।<br>(५) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीको साधनको धनी वा त्यसको प्रयोगकर्तालाई महानिर्देशकले प्रथम पटकको लागि पचास हजार रुपैयाँसम्म र त्यसपछि पटकै पिच्छे एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।" | |
| **भन्सार ऐन, २०८२ मा संसोधन गरी देहायको विषय थपिएको** | | | | |
| १. | दफा ४ को खण्ड (ख) | कार्यालयबाट जाँचपास भइसकेको कुनै वस्तु भन्सार क्षेत्रबाट बाहिर लैजानु अघि वा लगिसकेपछि त्यस्तो वस्तुको सम्बन्धमा भएको मूल्याङ्कन, वर्गीकरण, महसुल निर्धारण जस्ता विषयमा कुनै सूचना प्राप्त भएमा वा शङ्का लागेमा सो कुराको जानकारी घोषणाकर्तालाई गराई विभागको कुनै | कार्यालयबाट जाँचपास भइसकेको कुनै वस्तु भन्सार क्षेत्रबाट बाहिर लैजानु अघि वा लगिसकेपछि त्यस्तो वस्तुको सम्बन्धमा भएको मूल्याङ्कन, वर्गीकरण, महसुल निर्धारण जस्ता विषयमा कुनै सूचना प्राप्त भएमा वा शङ्का लागेमा सो कुराको जानकारी घोषणाकर्तालाई गराई विभाग वा मातहतको | कार्यालयबाट जाँचपास भइसकेको वस्तु भन्सार क्षेत्रबाट बाहिर लैजाने कार्यमा विभागलाई समेत जिम्मेवार बनाउन आवश्यक भएको। |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान गरी प्रतिवेदन पेश गर्न लगाउने," | कुनै अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान तथा कारबाही गर्न लगाउने," | |
| २. | दफा १३ को उपदफा (१) | कार्यालयबाट जाँचपास भएको कुनै वस्तु घोषणाकर्ताले घोषणा गरे अनुरूपको भए, नभएको वा त्यस्तो वस्तु यस ऐन वा भन्सार महसुल सम्बन्धी प्रचलित कानून बमोजिम महसुलमा दिएको सुविधा बमोजिम प्रयोग गरे नगरेको सम्बन्धमा यकिन गर्न जाँचपास पछिको परीक्षण गर्ने कार्यको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ।" | कार्यालयबाट जाँचपास भएको कुनै वस्तु घोषणाकर्ताले घोषणा गरे अनुरूपको भए, नभएको वा त्यस्तो वस्तु यस ऐन वा भन्सार महसुल सम्बन्धी प्रचलित कानून बमोजिम महसुलमा दिएको सुविधा बमोजिम प्रयोग गरे नगरेको सम्बन्धमा यकिन गर्न जाँचपास पछिको परीक्षण गर्ने, भन्सार तथा गैर भन्सार क्षेत्रबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने कार्यको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण | ,भन्सार तथा गैर भन्सार क्षेत्रबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही कार्यलाई प्रभावकारी बनाउन आवश्यक भएको। |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालय स्थापना गर्न सक्नेछ।" | |
| ३. | दफा १४ को खण्ड (ङ१), (ङ२) र (ङ३) | नभएको | "(ङ१) भन्सार तथा गैर भन्सार क्षेत्रबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने,<br>(ङ२) एक स्थानबाट अर्को स्थानमा व्यवासयिक प्रयोजनको वस्तु ढुवानी गर्ने साधनको विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली (भि.सि.टि.एस.) मा प्रविष्ट भए नभएको अनुगमन गरी नभएको पाइएमा प्रचलित कानून बमोजिमको जरिवाना गर्ने,<br>(ङ३) यस उपदफाको प्रयोजनको लागि भन्सार ऐन, २०८२ मा भन्सार अधिकृतलाई भए सरहको अधिकार प्रयोग गर्ने," | प्रमुख भन्सार परीक्षण प्रशासको काम, कर्तव्य र अधिकार थप गरी साबिक राजस्व अनुसन्धान विभागबाट हुने काम कारबाहीलाई थप प्रभावकारी बनाउन आवश्यक भएको। |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| यस विधेयकबाट खारेज भएका देहायका ऐन बमोजिम भए गरेका काम कारबाहीलाई देहाय बमोजिम व्यवस्थित गरिएको | | | | |
|---|---|---|---|---|
| १ | नभएको | नभएको | <u>खारेजी र बचाउ</u> : (१) देहायका ऐनहरु खारेज गरिएका छन् :-<br>(क) आय टिकट दस्तुर ऐन, २०१९<br>(ख) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२<br>(ग) नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४<br>(घ) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५<br>(ङ) प्रादेशिक विकास योजनाहरु (कार्यान्वयन गर्ने) ऐन, २०१३<br>(२) उपदफा (१) बमोजिम खारेज भएका ऐनहरु मध्ये राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, | यस विधेयक बमोजिम खारेज हुने ऐनहरु उल्लेख गरी साबिकका ऐनहरुले गरेको व्यवस्थालाई समेत निरन्तरता दिन उपयुक्त भएको। |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | २०५२ बमोजिम राजस्व अनुसन्धान विभागमा दर्ता भएका, सो विभागबाट अनुसन्धान भइरहेका, अनुसन्धान तथा तहकिकात भई मुद्दा दायर गर्न बाँकी रहेका मुद्दाको अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने, दायर भएका मुद्दाको प्रतिरक्षा गर्ने, पुनरावेदन गर्ने लगायतका सम्पूर्ण काम कारबाही देहाय बमोजिम हुनेछ :-<br>(क) आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र गैर कर सम्बन्धी मुद्दा आन्तरिक राजस्व विभागबाट,<br>(ख) भन्सार चोरी पैठारी सम्बन्धी मुद्दा भन्सार विभागबाट,<br>(ग) विदेशी विनिमय अपचलन तथा कर सम्बद्ध कसुर र सोमा हुने सम्पत्ति शुद्धीकरण अनुसन्धानसँग सम्बद्ध कसुरमा सम्पत्ति शुद्धीकरण | |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसन्धान विभागबाट।<br>(३) उपदफा (२) बमोजिमका मुद्दाको अनुसन्धान, अभियोजन, कारबाही र किनारा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम हुनेछ।<br>(४) उपदफा (२) बमोजिम मुद्दाको अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने, दायर भएका मुद्दाको प्रतिरक्षा गर्ने, पुनरावेदन गर्ने लगायतका सम्पूर्ण काम कारबाही गर्दा आफ्नो क्षेत्राधिकार बाहिरको कसूर देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ। | |